नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

प्रधान कार्यालय
धर्मपथ, काठमाडौं

# प्रेस विज्ञप्ती

## नेपाल बैंकका ग्राहकलाई नयाँ वर्ष २०८० को अवसरमा बिशेष अफर
## अनलाईन सपिङ्ग पोर्टल दराज नेपाल मार्फत खरिद गर्दा २० प्रतिशतसम्म छुट

नेपाल बैंक लिमिटेडले नेपाली नव वर्ष उत्सव, २०८० को अवसरमा नेपाल बैंकमा खाता रहेका ग्राहकहरुलाई अनलाईन खरिदमा छुट उपलब्ध गराउनका लागि दराज नेपालसँग आपसी सम्झौता गरेको छ । उक्त सम्झौता पत्रमा बैंकको तर्फबाट प्रमुख वित्त अधिकृत श्री होम बहादुर खड्का र दराज नेपालको तर्फबाट प्रबन्ध निर्देशक श्री आँचल कुँवरले हस्ताक्षर गर्नुभएको छ ।

यो सम्झौता अनुसार ग्राहकले अप्रिल ११ देखि १४ गतेसम्म डेबिट कार्ड मार्फत प्रिपेमेन्टमा ८ प्रतिशत (अधिकतम रु. ७५० सम्म) बराबरको छुट पाउनेछन भने क्रेडिट कार्ड मार्फत १० प्रतिशत (अधिकतम रु. १००० सम्म) छुट प्राप्त गर्न सक्नेछन् । त्यसैगरी ग्राहकहरुले अप्रिल १० देखि २० सम्म २० प्रतिशत (अधिकतम रु. २०० सम्मको छुट पाउन सक्नेछन) उक्त अफर र छुट पाउनका लागि दराज प्रयोगकर्ता ग्राहकहरुले बैंकको शाखा कार्यालयहरुमा सम्पर्क गरि आफ्नो बैंक कार्डमा ई-कमर्स सक्रिय गर्नुपर्नेछ । बैंकले ग्राहकहरुलाई उक्त छुट योजनाको लाभ लिन नेपाल बैंक लिमिटेडको डेविट कार्ड, क्रेडिट कार्डको लागि आजै निवेदन दिन समेत हार्दिक आग्रह गरेको छ ।

नेपालभर २२८ शाखाहरु, २०३ ए.टि.एम. साथै ५२ एक्सटेन्सन काउन्टर मार्फत करिब २३ लाख ग्राहकहरुलाई वित्तीय सेवा पुऱ्याइरहेको यो बैंक हाल ग्राहक सेवामा व्यापक सुधार गरी आधुनिक बैंकिङ्ग प्रविधि मार्फत सेवा प्रवाह गरि प्रतिस्पर्धी रुपमा अगाडी बढिरहेको छ ।

मिति २०७९ चैत्र २८ गते, मंगलबार ।

भवदीय,

(प्रकाश कुमार अधिकारी)
प्रमुख सूचना अधिकारी

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय